annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक २६ पृष्ठ ८ | काठमाडौं, सोमबार १२ जेठ २०८२ | जेष्ठ कृष्णपक्ष चतुर्दशी नेपाल संवत् ११४५ | MONDAY, MAY 26, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु

कभर स्टोरी

# कर्णालीवासीको विवशता, कालापहाड छोडेर खाडीतिर

कुनै समय कर्णालीवासीको रोजगारीको एउटै विकल्प थियो, कालापहाड। गाउँका अधिकांश मानिस ६ महिना गाउँमा, ६ महिना कालापहाडमा हुन्थे। उनीहरू भारतको नैनीताल, देहरादुन, मुम्बई, सिक्कीम जस्ता सहरमा काम र व्यापारको सिलसिलामा जान्थे। कालीकोट, मुगु, जुम्ला, डोल्पा, जाजरकोट, दैलेखलगायतका जिल्लाहरूबाट अधिकांश ग्रामीण बस्तीका मानिसको कमाउन जाने ठाउँ नै कालापहाड थियो। तर, अहिले कालापहाडको विकल्प वैदेशिक रोजगारी बनेको छ। हाल कर्णालीका १० वटै जिल्लाका मानिस वैदेशिक रोजगारीको सिलसिलामा खाडीमुलुकका साथै जापान, कोरिया, क्रोएसियालगायतका मुलुकमा जाने गरेका छन्।

**बिस्नप्रसाद न्यौपाने** | *वीरेन्द्रनगर*

**– को रिपोर्ट**

विस्तृत पृष्ठ २




# राजावादीप्रति एमाले आक्रामक

## ओलीले भने : जेठ १५ गते काठमाडौंमा एमालेको नियन्त्रण हुनुपर्छ

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

सत्तारुढ दल नेकपा एमालेले जेठ १५ गते राजवादीको आन्दोलनको प्रतिवाद गर्ने निर्देशन दिएको छ। उसले जेठ १५ गते गणतन्त्र दिवसको अवसरलाई विशेष उत्सवका रूपमा बनाउने भएको छ। २०६५ जेठ १५ गते पहिलो संविधानसभाको बैठकले गणतन्त्र घोषणा भएको हो। २०६२/६३ को जनआन्दोलनपछि २४० वर्ष लामो राजतन्त्र अन्त्य गणतन्त्र आएको हो। गणतन्त्र आएको १७ वर्ष भएको छ।

तर, त्यही दिनदेखि नवराज सुवेदी नेतृत्वको 'संयुक्त जनआन्दोलन समिति' ले राजसंस्था पुनर्स्थापनालगायत एजेन्डासहित आन्दोलन गर्ने घोषणा गरेको छ। यसमा राप्रपा, राप्रपा नेपाललगायत राजावादी, पुनर्उत्थानवादीहरूको पनि साथ छ। एमालेको ५२ औं सचिवालय बैठक ७ दशक लामो बलिदानी संघर्षको बलबाट प्राप्त भएको संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको दिन जेठ १५ गतेलाई विशेष उत्सवका रूपमा मनाउन जनसमुदायलाई आह्वान गर्ने निर्णय गरेको छ।

बैठकले राजावादीहरूको आन्दोलन रोक्न जेजस्तो गर्नुपर्छ त्यस्तै तयारीमा लाग्नसमेत निर्देशन दिएको छ। यसैबीच एमाले अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिगामीहरूले जेठ १५ गते गर्ने प्रदर्शनको विपक्षमा तयारी रहन पनि निर्देशन दिए।

» बाँकी पृष्ठ ६

# तीनकुने घटनामा ६५ जनाविरुद्ध प्रहरीले लगायो मुद्दा

**अजवी पौड्याल** | *काठमाडौं*

गत चैत १५ मा तीनकुनेमा भएको प्रदर्शनमा अवाञ्छित गतिविधि गरेको आरोपमा पक्राउ परेकाहरूमध्ये ६१ लाई प्रतिवादी बनाउँदै जिल्ला अदालत काठमाडौंमा मुद्दा दर्ता गरिएको छ।

जिल्ला सरकारी वकिल कार्यालयका सहन्यायाधिवक्ता रामहरि शर्मा काफ्लेका अनुसार तीनकुने घटनामा करोडौं क्षति भएको भन्दै उजुरी दर्ता गरिएको छ। २ जनाको ज्यान जाने गरी भएको हिंसात्मक आन्दोलनको ३८४ पृष्ठ लामो अनुसन्धान प्रतिवेदनसहित जिल्ला अदालतमा मुद्दा दर्ता गरिएको हो। नाबालक ४ सहित ६५ जनालाई प्रतिवादी बनाउने निर्णय गरिएको सहन्यायाधिवक्ता काफ्लेले बताए। अभियोगपत्रमा ११ जनालाई फरार प्रतिवादी बनाइएको छ। आरोपीहरूविरुद्ध



प्रहरीले राज्यविरुद्धको कसुर, आपराधिक उपद्रव, ज्यानसम्बन्धी कसुर, ज्यान मार्ने उद्योग र संगठित अपराधसम्बन्धी कसुरमा मुद्दा चलाइनेछ।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता अपिलराज बोहराका अनुसार, तीनकुने घटनाको अनुसन्धान प्रतिवेदनमा प्रहरीले १०८ जनालाई अनुसन्धान गरेको थियो। जसमा ९० जना पक्राउ परेका थिए। ५३ जना प्रहरी हिरासतमा छन्। आरोपीहरूमा ४ जना नाबालक पनि छन्। उनीहरूको हकमा सोमबार अर्को मुद्दा दर्ता गरिनेछ।

मुख्य प्रतिवादी दुर्गा प्रसाईंविरुद्ध जिल्ला सरकारी वकिल कार्यालयले निम्न विषयमा मागदाबी लिएको छ।

प्रतिवादी दुर्गा प्रसाईंले ज्यान मार्ने उद्योग गरेकोमा पीडितहरूलाई मुलुकी अपराध संहिता ०७४ को दफा १८६ बमोजिम क्षतिपूर्ति भराउन मागदाबी छ।

दुर्गा प्रसाईं, हरिहर चौलागाईं, सरोज गौतम, सतिश न्यौपाने, गोकर्ण शाही, डन्डपानी रेग्मी, सन्तोष राजावादी, कुमार जैसवाल, हेमराज थारुबाट मृतक सुरेश रजकको हकवालालाई मनासिव क्षतिपूर्ति भराउने मागदाबी लिइएको छ।

» बाँकी पृष्ठ ६

